# कवि माधव घिमिरेको राष्ट्रिय झण्डा कवितामा अलङ्कारविधान

सुभाषचन्द्र न्यौपाने[1]


## सारसङ्क्षेप

प्रस्तुत अध्ययनमा कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितालाई अलङ्कार सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । काव्यसाहित्यको आस्वाद्य तत्त्वका रूपमा अलङ्कार पूर्वीय काव्यसाहित्यमा स्थापित पुरानो काव्यमान्यता हो । कवि घिमिरेको २००४ सालमा लेखिएको र विभिन्न शैक्षिक तहमा पाठ्यक्रममा समाविष्ट 'राष्ट्रिय झण्डा' कवितामा पूर्वीय काव्यशास्त्र परम्परामा स्थापित अलङ्कारको प्रयोग के कसरी र कुन रूपमा गरिएको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । अलङ्कार प्रयोगका कारण यस कवितामा कवि घिमिरेको राष्ट्रभक्ति के कसरी प्रकट हुन सकेको छ भन्ने कुराको विश्लेषण गरी राष्ट्रिय झण्डाकै कारण हामी विश्वभर वीर नेपाली भनेर चिनिन पाएका छौँ, यही झण्डाले गर्दा हाम्रो छाती निर्धक्क भएर फुलेको हुन्छ, यही झण्डाले हिमालको चुचुरोमा सधैँ फर्फराएर हाम्रो आदर्शलाई उच्च बनाइ राखेको छ भन्ने कुरालाई विभिन्न अलङ्कारहरूले अलङ्कृत गरी प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत लेखको सामग्री विश्लेषणका क्रममा प्राथमिक सामग्रीका रूपमा कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा अलङ्कार सिद्धान्तसँग सम्बन्धित सामग्रीहरूको प्रयोग गरिएको छ । कविता विश्लेषणका क्रममा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अलङ्कार प्रयोगका कारण 'राष्ट्रिय झण्डा' कविता के कस्तो आस्वादनयुक्त, अर्थगम्भीर र कलात्मक बन्न पुगेको छ भन्ने कुरा स्पष्ट पारिएको छ ।


*बीज शब्दहरू* : अलङ्कार, काव्यात्मकता, सौन्दर्य, अलङ्कृत, आह्लादकारी, अर्थगाम्भीर्य

## १. विषय परिचय

कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' नेपालीहरूको वीरता र पहिचानलाई आधार मानी लेखिएको राष्ट्रभक्तिपूर्ण कविता हो । यस कवितामा नेपालीहरू संसारभर वीर जातिका रूपमा प्रख्यात भएकाले हाम्रो छाती निर्धक्क भएर फुलेको हुन्छ, त्यसैले हाम्रो गति अति छरितो छ, हामी हाम्रा उच्च शिखरमाथि द्रुतगतिमा चढ्न सक्छौँ, हाम्रो देशको सच्चा आदर्श हाम्रो झण्डामा रहेका चन्दसूर्यले झल्काइरहेका हुन्छन्, हाम्रो बस्ती हिमचुलीको उच्च टाकुरामा छ भन्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ । हाम्रो देशका कालिगढ रँगमा मुस्कुराए समान कुशल, छन् । हाम्रो साहित्यमा वन, पाखा र कन्दराको गीत गुन्जायमान हुन्छ । बुद्धको ज्ञान पाएर हाम्रो आत्मा उज्यालो भएको छ । लाखौं नेपालीहरू आआफ्ना पहिचानसहित स्वतन्त्र भए पनि रामको नाम गाउनाले सबैको लय एउटै भएको छ । हामी आज जहाँ जहाँ छरिएर रहे पनि हामी सबैको कर्तव्य भनेको नेपाललाई चहकिलो पार्नु हो । आज हामी एउटा झण्डामुनि एक करोड नेपाली आबद्ध छौँ, भोलि संसारभरका नौलाख तारामुनि छरिँदा हामी नौ करोड हुनेछौँ । नेपालीलाई जब धरहराले बिगुल फुकेर डाक्नेछ, प्यारीले युद्धका लागि तयार हुँदै गर्दा खुकुरीमा रातो रुमाल बाँध्नेछिन्, वीर अगुवा सिपाहीले रातो झण्डा देखाएर हामीलाई युद्धमा होमिन आदेश दिनेछन्, हाम्रा बाजाहरूले हामीलाई युद्धका लागि अघि बढ्न चाल दिनेछन् त्यतिखेर हामीभित्रको वीरता अझै जागृत भएर आउनेछ । त्यसपछि हाम्रा घोडा टकटक गर्दै

[1] उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: *subashneupane953@gmail.com*

युद्धभूमिमा दगुर्लान्, हाम्रा गोडा हातको खुकुरी चम्काउँदै दगुर्लान्, हामी शत्रुमाथि धावा बोल्न निस्कौंला त्यतिखेर हाम्रो झण्डाले पनि आकाशमा हावालाई चिर्ला र हामी शत्रुका शक्ति समाप्त पारौंला, वीरता प्रदर्शन गरी आफ्नो नाम अमर राखौंला भन्ने विचार यस कवितामा प्रस्तुत गरिएको छ । त्यस्तै हामी नेपाली सोझा छौँ तर छलकपट गर्नेहरूलाई हामी दुत्कार गर्छौं, दुस्मनका लागि हामी हिमचुलीबाट निस्कने ज्वालामुखी हौँ, कालीलाई जगाएर रिपुहरूको मुण्डमाला लगाउँदै फनफन खुकुरी घुमाएर हामी लडाइँमा नाच्नेछौँ, शत्रुलाई छप्क्याइकन हाम्रो खुकुरीको धार कहिल्यै कुडिँदैन । युद्धका क्रममा हारेर हामी कहिल्यै पछाडि फर्कँदैनौँ, हामी वीर नेपाली हौँ, हाम्रो रगत रातो र तातो छ । त्यसैले हाम्रो शक्ति कहिल्यै गल्दैन र समाप्त पनि हुँदैन । आफ्नो सत्मा अडिग हाम्रो झण्डा कहिल्यै पनि झुक्दैन, यही झण्डा हाम्रो वीरताको निसानी हो, यही झण्डा देखेर संसारका वीरहरू थर्कमान भएका थिए । हामी सचेत पनि छौँ, समयअनुसार चल्न सक्छौँ र यही झण्डा फर्फराएर युगौंयुगसम्म बाँचिरहने छौँ । जब युद्धको क्रममा हामी सहिद बनेर रणभूमिबाट दिव्यधाममा उक्लौंला तब पनि नेपाल उस्तै होला । हिमालमा जुनघाम नझुल्के पनि नेपाल उस्तै रहला, हाम्रा सन्ततिहरू वीरताको गाथा गाएर अगाडि बढ्लान्, त्यतिखेर यही ध्वजाले हामीलाई नभमा पुकार्ला, यही झण्डा घामको झुल्का हो, यो विश्वको एक नौलो तारा हो । यो पुर्खाका रगतको धरोहर हो, विजयको सिउर हो र वीरताको सितारा हो । नेपालीहरूलाई सधैँ अघि बढ भनिरहने र इसारा गरिरहने यो झण्डा संसारलाई नै प्यारको पुकार गर्ने शीतल छाया हो भनेर नेपाली झण्डा र वीरताको महिमा गान गाउनु यस कविताको मूल विषयवस्तु हो ।

## २. अलङ्कारविधानको तात्पर्य

'राष्ट्रिय झण्डा' कविताभित्र विभिन्न अलङ्कारहरूको संयोजन गरेर कविताको कथ्यलाई बढी प्रभावकारी र आस्वाद्य तुल्याइएको छ । प्रस्तुत कवितामा प्रयुक्त अलङ्कारहरू विभिन्न वर्गमूलका छन् । तिनको शास्त्रीय वर्गीकरणअनुसार प्रस्तुत कवितामा साधर्म्यमूलक वर्गका उपमा र अतिशयोक्ति, विशेषणविच्छित्तिमूलक वर्गको परिकर, विरोधविच्छित्तिमूलक वर्गको विशेषोक्ति, शृङ्खलाविच्छित्तिमूलक वर्गका काव्यलिङ्ग र पर्याय तथा अलङ्कारको वर्गीकरणपछि मात्र स्थापित भएका अननुगुण र परिकराङ्कुर अलङ्कारको प्रयोग पनि यस कवितामा गरिएको छ । अर्थालङ्कारको यस किसिमको प्रयोगले यो कविता एकातिर भावप्रवल बनेको छ भने अर्कातिर कविको कथ्यलाई बढी अर्थपूर्ण र गम्भीर बनाइएको पाइन्छ । प्रस्तुत कवितामा माथि उल्लेख गरिएका अलङ्कारहरूको संयोजन कसरी गरिएको छ र यी अलङ्कारहरूको प्रयोगबाट कविको कथ्य अर्थको अभिव्यक्तिमा के कस्ता अर्थ गम्भीरता र कलात्मक सौन्दर्य प्रकट हुन पुगेको छ भन्ने कुरा नै अलङ्कारविधान हो ।

## ३. समस्याकथन

कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितालाई विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ । कवितालाई सौन्दर्यपूर्ण र आस्वाद्य बनाउने पूर्वीय काव्यशास्त्रका अनेक तत्त्वमध्ये आलङ्कारिक सौन्दर्यका दृष्टिले मात्र यस कविताको विश्लेषण गरिएको छ । प्रस्तुत कवितालाई आलङ्कारिक सौन्दर्यका आधारमा विश्लेषण गर्दा निम्न लिखित समस्याहरूमा केन्द्रित रही यो लेख तयार पारिएको छ :

(क) 'राष्ट्रिय झण्डा' कवितामा कुन कुन अलङ्कारको प्रयोग गरिएको छ ?

(ख) 'राष्ट्रिय झण्डा' कवितामा प्रयुक्त अलङ्कार र कविताको कथ्य अर्थका बीच के कस्तो सम्बन्ध पाइन्छ ?

## ४. उद्देश्य

समस्याकथनमा उठाइएका प्राज्ञिक प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्यलाई निम्नलिखित बुँदामा समेटिएको छ :

(क) 'राष्ट्रिय झण्डा' कवितामा कुन कुन अलङ्कारको प्रयोग गरिएको छ भन्ने कुराको खोज गर्नु,

(ख) 'राष्ट्रिय झण्डा' कवितामा प्रयुक्त अलङ्कार र कविताको कथ्य अर्थका बीच के कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको विश्लेषण गर्नु,

## ५. सीमाङ्कन

'राष्ट्रिय झण्डा' कवितामा कवि माधव घिमिरेले के कस्ता अलङ्कारहरूको प्रयोग के कसरी गरेका छन्, कवितामा प्रयुक्त अलङ्कार र कथ्य अर्थका बीच के कस्तो सम्बन्ध रहेको छ, कवि घिमिरेले प्रस्तुत कवितामा अलङ्कारविधान गर्नु प्रयोजन के हो भन्ने कुराको विश्लेषणमा यो अध्ययन सीमित रहेको छ । यस कवितामा प्रयुक्त शब्दालङ्कारका साथै सौन्दर्यविधान सम्बन्धी अन्य पक्षका बारेमा अध्ययन गर्न नसक्नु यस अध्ययनको सीमा हो ।

## ६. पूर्वकार्यको समीक्षा

कवि माधव घिमिरेको जीवनी, उनका कविता, काव्य, गीतिनाटक आदिका बारेमा प्रशस्त खोज, अनुसन्धान, चर्चा परिचर्चा, अध्ययन र विश्लेषणहरू भइसकेका छन् । घिमिरेका खण्डकाव्यका सम्बन्धमा विद्यावारिधि स्तरीय गहन अनुसन्धान भए पनि उनका फुटकर कविताका सम्बन्धमा गहन अध्ययन हुन सकेको छैन । घिमिरेका फुटकर कविताका सम्बन्धमा विधातात्त्विक सैद्धान्तिक मान्यताका आधारमा अध्ययन भए पनि आलङ्कारिक दृष्टिले अध्ययन भएको पाइँदैन । उनका फुटकर कवितामा के कस्ता अलङ्कारहरू प्रयोग भएका छन्, उनका कवितामा प्रयुक्त अलङ्कार र कथ्य अर्थको बीच के कस्तो सम्बन्ध रहेको पाइन्छ, माधव घिमिरेका कवितामा अलङ्कारविधानको कस्तो पद्धति भेटिन्छ र उनले आफ्ना कवितामा अलङ्कारविधान गर्नुको प्रयोजन के हो भन्ने विषयमा कुनै ठोस अध्ययन हुन नसकेकाले यसै समस्यालाई प्रस्तुत अध्ययनमा अनुसन्धानको मुख्य विषय बनाइएको छ । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा के कस्ता अलङ्कारहरूको प्रयोग गरिएको छ भन्ने कुराको चर्चा नपाइए पनि घिमिरेका कवितामा अलङ्कार प्रयोग भएका कुराको चर्चा भएको पाइन्छ । त्यसैलाई पूर्वकार्यको समीक्षाका रूपमा लिएर प्राप्त भएका पूर्वकार्यहरूलाई कालक्रमका आधारमा क्रमशः प्रस्तुत गरिएको छ ।

वासुदेव त्रिपाठीले *सिंहावलोकन* नामक पुस्तकको "कवि माधव घिमिरेका काव्य प्रवृत्ति, 'कालीगण्डकी' कविताको केन्द्रीयतामा" शीर्षकको लेखमा कवि माधव घिमिरेका काव्य मान्यताहरू प्रस्तुत गर्दै एउटा सानो कृतिमा समग्रतालाई समेट्न सक्नु घिमिरेको मूल मान्यता भएको कुरा उल्लेख गरेका छन् । घिमिरेको यस काव्यमान्यताभित्र शिल्पपक्ष पनि जोडिएको देखिन्छ । यस लेखमा कवि माधव घिमिरेका काव्य मान्यताहरूको तुलना विश्वका उत्कृष्ट कवि कालिदास र किट्स जस्ता स्रष्टाहरूसँग गर्दै नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटाभन्दा फरक शिल्प भएका कविका रूपमा घिमिरेलाई चिनाइएको छ । त्रिपाठीको प्रस्तुत लेखको मूल उद्देश्य 'कालीगण्डकी' कविताको साङ्गोपाङ्गो विवेचना गर्नु मात्र भए पनि यसैभित्र अन्तर्भाव गराएर त्रिपाठीले विभिन्न प्रकृतिप्रेमी स्वच्छन्दतावादी कविहरूसँग कवि घिमिरेको तुलना गर्दै उनमा केही आफ्नै मौलिक विशेषताहरू, केही शाश्वत धाराहरू र केही काव्यादर्शहरू रहेको निष्कर्ष निकालेका छन् । घिमिरेका कविता काव्यमा ध्वंसका शक्तिहरूका विरुद्ध विद्रोहको अभिव्यक्ति पाइन्छ, जीवन मूल्यका पक्षमा वकालत गरिएको हुन्छ, जीवनका सुखदुःखलाई शालिग्राम शिलामा अभिव्यक्ति दिने कला घिमिरेमा छ, यतिमात्र होइन उनका कवितामा राष्ट्रिय धड्कन प्रतिध्वनित भएको छ, विश्वजनीन चिन्तन छ भन्ने कुरा त्रिपाठीको विश्लेषणमा उल्लेख गरिएको पाइन्छ । 'कालीगण्डकी' कविताको विश्लेषणका क्रममा यस कवितामा पनि अलङ्कारहरू पाइने तर अलङ्कारको भरमार प्रयोगबाट काव्यमा कृत्रिमता र क्लिष्टता ल्याउनेतर्फ नलागी घिमिरेले

स्वाभाविक रूपमा उपमा, स्वभावोक्ति र काव्यलिङ्ग जस्ता सरल र सुन्दर अलङ्कारहरूप्रति आकृष्ट भएर ती अलङ्कारहरूको प्रयोग गरेका छन् भन्ने कुरा उक्त विश्लेषणमा उल्लेख गरिएको पाइन्छ (२०३२, पृ. २२३-२५७) ।

भानुभक्त पोखरेलले "महाकवि देवकोटा र कवि माधव घिमिरे एक तुलनात्मक चर्चा" शीर्षकको लेखमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र कवि माधव घिमिरेका कवितात्मक प्रवृत्तिहरूलाई विभिन्न कोणबाट विवेचना गर्ने काम गरेका छन् । रस, भाव, छन्द, संरचना, प्रविधि, शिल्पसौष्ठव र पदपरिपाकका आधारभूत काव्यतत्त्वका साथै विभिन्न स्वच्छन्दतावादी काव्य प्रवृत्तिहरूका सापेक्षतामा तुलनात्मक चर्चा गर्दै पोखरेलले भनेका छन् :-

> देवकोटा अलङ्कारका सचेत आयोजनाप्रति निस्पृह नै रहन्छन् तैपनि महाकवित्वको ज्वारमा उनका कवितामा अनगिन्ती अर्थालङ्कारहरू स्वतःस्फूर्त रूपमा सलबलाएका छन् भन्ने तथ्य *शाकुन्तल* जस्ता महाकाव्यमा स्वतः ओइरिएका अनेकौं अलङ्कारहरूले स्पष्ट पार्छन् । घिमिरेका काव्यकवितामा स्वाभाविक ढङ्गले स्वतः आइपरेका भान पर्ने गरी अलङ्कारहरू आयोजित गरिएका हुन्छन् र उनी अलङ्कारहरूलाई औचित्यको सीमाभित्र भावविस्तारको निमित्त मात्र स्वीकार्छन् भन्ने तथ्य उत्तिकै स्पष्ट छ । फलतः देवकोटाका अलङ्कारहरू भावावेगका ज्वारमा अर्धप्रस्फुट रूपमा पर्न आएका छन् भने घिमिरेका अलङ्कारहरू भावद्रवमा तैरिएर मनोरम बनी पुष्ट लघुबिम्बका रूपमा प्रयुक्त भएका छन् परन्तु अलङ्कार चेतना चाहिँ देवकोटामा भन्दा घिमिरेमा पर्याप्त तीव्र छ । देवकोटाका अलङ्कारहरू भावका सहजात र भावोद्दीपक हुन्छन् भने घिमिरेका अलङ्कारहरू भावका पार्श्ववर्ती निग्ध सहचर प्रतीत हुन्छन् । (२०३९/२०४०, पृ.२६)

वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीले सम्पादन गरेको *नेपाली कविता भाग २* मा नेपाली साहित्यको प्राथमिक कालका कवि सुवानन्द दासदेखि आधुनिक कालको चौथो चरण समसामयिक धाराका कवि कृष्णभूषण बलसम्मका कविहरूलाई सङ्कलित गर्दै ती कविहरूका कवितात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । यसैक्रममा कवि माधव घिमिरेका कवितात्मक प्रवृत्तिहरूको उल्लेख गर्दै घिमिरेका कवितामा के कस्ता काव्यिक तत्त्वहरूको प्रयोग के कसरी गरिएको छ भन्ने कुरा पनि समालोचक त्रयले उल्लेख गरेका छन् । माधव घिमिरेका कविताहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको कुरा उल्लेख गर्दै समालोचक त्रयले भनेका छन् : "शब्दालङ्कारका रूपमा विशेष गरेर अनुप्रासलाई वरण गर्ने कवि घिमिरेले अर्थालङ्कार मध्ये उपमा, दृष्टान्त, समासोक्ति आदि विविध अलङ्कारहरूलाई सशक्त सौन्दर्य चेतनासहित आफ्ना कवितामा प्रस्तुत गरेका छन् र पूर्वीय काव्यतत्त्व मध्ये रस, भाव, ध्वनि, अलङ्कार र गुणको सम्मोहक सहज परिपाक उनका कविताको महत्त्वपूर्ण प्राप्ति बिन्दु हुन पुगेको छ" (२०४८, पृ. १७८) ।

समालोचक त्रयको यस विश्लेषणमा घिमिरेका कवितात्मक शैलीको चर्चा गर्दै उनलाई पद्यका कुशल शिल्पीका रूपमा चिनाउने काम गरिएको छ । घिमिरेका कवितात्मक प्रवृत्तिहरूका विश्लेषणका क्रममा उनका कवितामा शैलीको परिष्कृत, स्वच्छ सजावटको सुन्दर रूप तथा विचार र चिन्तनको भावनात्मक स्वतन्त्र लयको सुन्दर शैली तथा राष्ट्र, राष्ट्रियता र प्राकृतिक सौन्दर्यको भावनात्मक कला प्रकट भएको कुरा उल्लेख गरिएको छ भने उनका कविताहरूमा उपमा, दृष्टान्त, समासोक्ति जस्ता अलङ्कारहरूको सशक्त सौन्दर्यपूर्ण प्रयोग भेटिन्छ भन्ने कुरा प्रस्तुत गरिए पनि घिमिरेका कुन कुन कवितामा ती अलङ्कारको प्रयोग कसरी गरिएको छ, घिमिरेका कवितामा प्रयुक्त अलङ्कार र कथ्य अर्थका बीच के कस्तो सम्बन्ध रहेको छ, माधव घिमिरेको अलङ्कारविधान पद्धति कस्तो छ र उनले आफ्ना कवितामा अलङ्कारविधान गर्नुको प्रयोजन के हो

भन्ने विषयमा कुनै चर्चा नगरेका र सो उद्देश्य पनि समालोचक त्रयको नभएको हुनाले पूर्वीय अलङ्कार सिद्धान्तका आधारमा घिमिरेका कविताहरूको विश्लेषण गर्नुपर्ने देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* नामक पुस्तकमा नेपाली कविहरूको परिचय दिने क्रममा कवि माधवप्रसाद घिमिरेको सामान्य परिचय प्रस्तुत गरी घिमिरेका केही कवितात्मक प्रवृत्तिहरूलाई केलाउने काम गरेका छन् । घिमिरेका कवितामा पाइने भाव तथा विचारको सन्तुलनका पक्षबारे चर्चा गर्दै लुइटेलले भनेका छन् :

> माधवप्रसाद घिमिरे भाव र कलाको सन्तुलन गरी सरलता, सहजता र संक्षिप्तताभित्रै पूर्णताको अपेक्षा गर्ने कवि हुन् । प्रकृति, संस्कृति, पुराण आदि विभिन्न क्षेत्रका बिम्ब र प्रतीकको प्रयोगका साथ परिष्कृत र सन्तुलित भाषाशैलीय विन्यासमा आबद्ध यिनका कविता सरल र सुबोध छन् । वर्तमानमा समेत शास्त्रीय छन्दका कट्टर हिमायती घिमिरेले आफ्ना कवितामा विविध शास्त्रीय छन्दको प्रयोग गरेका छन् । छन्दोबद्धता र आनुप्रासिक संयोजनका कारण यिनका कविता लयात्मक र सङ्गीतात्मक छन् । विविध अलङ्काहरूको कुशल प्रयोग तथा मनोहर, सुकुमार, सौन्दर्यपूर्ण अभिव्यक्ति सरल र सहज शब्दावलीमा गहन भावको प्रस्तुति आदि माधवप्रसाद घिमिरेका काव्यप्रवृत्तिगत वैशिष्ट्य हुन् । (२०६०, पृ. २४९)

समालोचक लुइटेलको यस विश्लेषणमा कवि माधव घिमिरेलाई कवितामा भाव र कलाको उचित सन्तुलन गर्दै परिष्कृत रूपमा काव्यकृतिको रचना गर्ने र फुटकर कवितामा विविध अलङ्कारको सुन्दर प्रयोग गर्ने कविका रूपमा चर्चा गरिएको छ । घिमिरेका कविताहरू विविध अलङ्कार प्रयोगकै कारण सौन्दर्यपूर्ण र आकर्षक बनेका हुन्छन् भन्ने लुइटेलको अभिव्यक्तिले घिमिरे अलङ्कारयुक्त कविता लेख्ने कवि हुन् भन्ने कुरा पुष्टि हुन्छ । यसरी लुइटेलले घिमिरेका कवितामा विविध अलङ्कारहरूको प्रयोग भेटिने कुरा उल्लेख गरे पनि उनका कुन कुन कविताहरूमा के कस्ता अलङ्कारको प्रयोग गरिएको छ, घिमिरेका कवितामा प्रयुक्त अलङ्कार र कथ्य अर्थका बीच के कस्तो सम्बन्ध रहेको छ, माधव घिमिरेको अलङ्कारविधान पद्धति कस्तो छ र उनले आफ्ना कवितामा अलङ्कारविधान गर्नुको प्रयोजन के हो भन्ने विषयमा कुनै चर्चा नगरेका र सो उद्देश्य पनि लुइटेलको नभएको हुनाले पूर्वीय अलङ्कार सिद्धान्तका आधारमा घिमिरेका कविताहरूको विश्लेषण गर्नुपर्ने देखिन्छ ।

कपिल अज्ञातले "राष्ट्रकविको सन्दर्भ र राष्ट्रवादी स्वर" शीर्षकको समालोचनात्मक लेखमा कवि माधव घिमिरेका कविताहरूमा पाइने राष्ट्रिय चिन्तन र राष्ट्रवादी स्वरको चर्चा गर्दै घिमिरेले नेपाली वीरताको गाथालाई कलात्मक शिल्पद्वारा प्रकट गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । कवि घिमिरेका कविताहरूमा वीर रसका साथै शान्त र करुण रसको प्रस्तुति भेटिन्छ भने उनले आफ्ना विचारहरूलाई अनेक आलङ्कारिक शिल्पद्वारा सजाएर प्रस्तुत गरेका छन् (२०१९, पृ.१०८) भन्ने कुरा अज्ञातको विश्लेषणमा उल्लेख गरिएको पाइन्छ । अज्ञातले आफ्नो विश्लेषणमा कवि माधव घिमिरेका कविताकाव्यमा प्रकट भएका अलङ्कारका बारेमा चर्चा गरेको नपाइए पनि उनले घिमिरेले आफ्ना विचारहरूलाई आलङ्कारिक शिल्पद्वारा सजाएर प्रस्तुत गरेका छन् भन्ने अभिव्यक्तिमा अलङ्कार स्वतः प्रकट भएको देखिन्छ । त्यसैले अज्ञातले कवि माधव घिमिरेका कविताकाव्यहरूमा अलङ्कारको प्रयोगलाई भने स्वीकार गरेकै देखिन्छ ।

यसरी हेर्दा पूर्वकार्यको समीक्षामा आएका विभिन्न समालोचकहरूका विचारमा कवि घिमिरेका कवितामा अलङ्कारको प्रयोग गरिएको हुन्छ भन्ने कुराको चर्चा पाइए पनि उनको 'राष्ट्रिय झण्डा' कवितामा के कस्ता अलङ्कारहरूको प्रयोग के कसरी गरिएको छ र ती अलङ्कार प्रयोगका कारण कविको कथ्य अर्थमा

के कस्तो सकारात्मक प्रभाव परेको छ भन्ने कुराको विश्लेषण नगरिएको हुनाले प्रस्तुत लेखमा यसै समस्यालाई लिएर घिमिरेको 'राष्ट्रिय झण्डा' कविताको विश्लेषण गरिएको छ ।

## ७. अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । प्रस्तुत लेखको अध्ययनका लागि प्राथमिक सामग्रीका रूपमा कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा पुस्तकालयबाट प्राप्त हुने अलङ्कार सिद्धान्तसँग सम्बन्धित सामग्रीहरूको प्रयोग गरिएको छ । भामह, दण्डी, उद्भट, रुय्यक, मम्मट, जयदेव, रुद्रट, वामन, अप्पय दीक्षित जस्ता अलङ्कारवादी आचार्यहरूका अलङ्कारवादी मान्यतामा केन्द्रित भएर अलङ्कारको सैद्धान्तिक मान्यताको चर्चा गरी तिनीहरूकै मान्यताका आधारमा 'राष्ट्रिय झण्डा' कविताको विश्लेषण गरिएको छ ।

## ८. छलफल तथा व्याख्याविश्लेषण

### ८.१ अलङ्कारको सैद्धान्तिक विमर्श

काव्यलाई सौन्दर्यपूर्ण बनाउने तत्त्वका रूपमा संस्कृत काव्यशास्त्रमा अलङ्कारलाई चिनाइएको पाइन्छ । प्रारम्भमा काव्यशास्त्रको नाम नै अलङ्कारशास्त्र रहेको देखिन्छ । अलङ्कारवादी काव्यशास्त्रीहरूका अनुसार काव्यमा आउने रस, गुण, ध्वनि आदि सबै अलङ्कारभित्रै अन्तर्भाव हुन्छन् । अलङ्कार सम्प्रदायको स्थापना भामहबाट भएको मानिन्छ । भामहले आफ्नो *काव्यालङ्कार* नामक लाक्षणिक ग्रन्थमा नारीको मुख सुन्दर भए पनि अलङ्कार आभूषणद्वारा आभूषित छैन भने त्यसलाई राम्रो मानिँदैन भनेका छन् भने शब्दका आधारमा गरिने वक्रोक्तिपूर्ण अभिव्यक्तिलाई अलङ्कार मानेका छन् (ई.१९३८, पृ.१७) । दण्डीले अलङ्कारलाई काव्यशोभाकारक धर्मका रूपमा लिएको देखिन्छ । उनले काव्यशोभाकारक धर्म नै अलङ्कार हुन् र ती आज पनि विविध रूपबाट उद्भावित हुँदै छन् भनेका छन् (२०६१, पृ.११७) । भामह र दण्डीका यी भनाइबाट अलङ्कारले काव्यलाई सौन्दर्यपूर्ण बनाउने हुनाले यिनीहरूकै आधारमा काव्यसाहित्य ग्रहणीय हुने कुरा उल्लेख भएको पाइन्छ । रीतिवादी आचार्य वामनद्वारा आफ्नो लाक्षणिक ग्रन्थ *काव्यालङ्कारसूत्र*मार्फत् सौन्दर्यलाई नै अलङ्कार स्विकार्दै काव्यलाई अलङ्कारले नै ग्रहणीय बनाउने कुरा उल्लेख गरिएको पाइन्छ । साथै उनले गुणविशिष्ट पदरचनालाई काव्यको आत्मा मानेका छन् भने गुणद्वारा उत्पन्न शोभालाई उत्कर्षता प्रदान गर्ने साधनका रूपमा अलङ्कारको चर्चा गरेका छन् (२०४७, पृ.३) । ध्वनिवादी आनन्दवर्धनले ध्वनिलाई काव्यको आत्माका रूपमा स्विकार्दै अलङ्कारलाई लौकिक आभूषण झैं अङ्गी (रस) को सौन्दर्यको साधन मानेको पाइन्छ (ई. १९४०, पृ.९) । रसवादी आचार्य मम्मटले *काव्यप्रकाश*मा अङ्ग (शब्द र अर्थ) द्वारा अङ्गी (रस) को उपकार (सौन्दर्यवर्धन) गर्ने अनुप्रास, उपमा आदि अलङ्कार हुन् र ती हार जस्तै आभूषण हुन् भन्ने कुरा उल्लेख गरेका छन् (ई. १९८०, पृ.४०९) । अर्का रसवादी आचार्य विश्वनाथले *साहित्यदर्पण*मा काव्यसौन्दर्यलाई उत्कर्षता प्रदान गर्ने रस, भाव आदिका उपकारक शब्द र अर्थका अस्थिर धर्म नै अलङ्कार हुन् भन्दै मानिसका लागि हार आदि अलङ्कार भए जस्तै काव्यका लागि उपमा आदि अलङ्कार हुन् भन्ने कुरा उल्लेख गरेको पाइन्छ (२०५३, पृ.२७३) ।

अलङ्कारको परिचय तथा स्वरूपका सन्दर्भमा माथि प्रस्तुत गरिएका अलङ्कारवादी प्रमुख अवधारणाहरूलाई हेर्दा अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्यको प्राणतत्त्वका रूपमा लिएर सौन्दर्यलाई नै अलङ्कार मानेको पाइन्छ भने उनीहरूले अलङ्कारकै कारण काव्य ग्रहणीय हुन्छ भनेर अलङ्कारलाई विशिष्ट स्वरूप प्रदान गरेको देखिन्छ । ध्वनिवादी आचार्य आनन्दवर्धन र रसवादी आचार्यहरू

मम्मट तथा विश्वनाथले भने अलङ्कारलाई विशेष महत्त्व नदिए पनि रसध्वनिको सौन्दर्य अभिवृद्धि गर्ने धर्मका रूपमा भने अलङ्कारलाई स्वीकार गरेकै पाइन्छ ।

## ८.२ राष्ट्रिय झण्डा कवितामा अलङ्कार प्रयोग

नेपालीहरूको वीरता र राष्ट्रिय झण्डाको महिमा गान गाइएको यस कवितामा परिकर, उपमा, काव्यलिङ्ग, अननुगुण, परिकराङ्कुर, विशेषोक्ति, अतिशयोक्ति र पर्याय अलङ्कारको प्रयोग गरिएको छ । यस कवितामा यी विभिन्न अलङ्कारहरूको प्रयोगबाट नेपाली जातिको वीरता तथा नेपाली झण्डाको महत्त्वमाथि प्रकाश पारिएको छ । यस कवितामा प्रयुक्त अलङ्कार र अलङ्कार प्रयोगले कविको कथ्य अर्थमा पारेको चामत्कारिक अभिव्यक्तिहरूलाई यसप्रकार विश्लेषण गरिएको छ :

### क. परिकर अलङ्कार

वर्ण्य विषयको उत्कर्षता प्रदान गर्नका लागि बढी मात्रामा भावपूर्ण विशेषणहरूको प्रयोग गरिएमा परिकर अलङ्कार हुन्छ । त्यसैले भावपूर्ण विशेषणहरूको प्रयोग बढी मात्रामा हुँदा कथ्यमा उत्कर्षता थपिएको हुन्छ । प्रस्तुत अर्थलाई उत्कर्षमा पुऱ्याउनु नै परिकर हो । अभिप्रायले भरिपूर्ण विशेषणहरूको संयोजन गरी प्रस्तुत विषयलाई उचाइमा पुऱ्याएर चमत्कार पैदा गर्ने काम यस अलङ्कारले गर्दछ । रुद्रटले अभिप्रायपूर्ण विशेषणद्वारा अभिव्यक्तिमा चमत्कार उत्पन्न भएको अवस्थामा परिकर अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (ई. १९८९, पृ. २२२) । मम्मटले अनेक अभिप्राययुक्त विशेषणहरूबाट वर्णनीय पदार्थको परिपोषक हुनु नै परिकर अलङ्कार हो भनेका छन् (ई. १९८०, पृ. ५६४) । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा परिकर अलङ्कारको प्रयोग भएको छ । यस कविताका निम्नलिखित पङ्क्तिहरूमा परिकर अलङ्कार पर्न गएको देखिन्छ :

नेपाली नाम हाम्रो त्रिभुवनभरमा छौँ बडा वीर जाति  
छाती निर्धक्क हाम्रो गति अति छरितो चढ्दछौँ माथि माथि  
हाम्रो बस्ती छ उच्चा शिखर हिमचुली देशको टाकुरामा  
हाम्रो आदर्श उच्चा झलल रविशशि हेर हाम्रो ध्वजामा । १ ।

प्रस्तुत पद्यांशमा हामी नेपालीहरूलाई विभिन्न भावपूर्ण विशेषणहरू दिएर हाम्रो वीरताको भावलाई उत्कर्षता प्रदान गरिएकाले परिकर अलङ्कार पर्न गएको छ । हामी नेपालीहरूलाई बडा वीर जाति भनेर विशेषण दिइएको छ भने वीर जाति भएकैले हाम्रो छाती निर्धक्कसँग फुलेको हुन्छ । हाम्रो बस्ती उच्च टाकुरामा भए पनि हामी निर्धक्कसँग माथिमाथि छढ्न सक्छौं । हाम्रो आदर्श चन्द्रसूर्य अङ्कित ध्वजामा झल्किरहेको छ भनेर नेपाली जातिका उच्च आदर्श पक्षलाई भावपूर्ण विशेषण दिइएको छ । यसरी परिकर अलङ्कारको प्रयोगका माध्यमबाट नेपाली जातिको महानता, उच्च आदर्श, नेपाली वीरताको निसानी चन्द्रसूर्य अङ्कित झण्डाको महिमा तथा उच्च स्थानमा बस्ती भएका कारण त्यहाँ चढ्न सक्ने नेपालीहरूको साहस पनि वीर जाति भएकै कारण उत्पन्न भएको हो भन्ने कुरा वीर विशेषणकै माध्यमबाट सम्भव भएका कुराको वर्णनले परिकर अलङ्कारको प्रयोग सार्थक बनेको पाइन्छ ।

### ख. उपमा अलङ्कार

कुनै दुई पदार्थका बीच सामीप्यका आधारमा समानतालाई दाँज्नु उपमाको शाब्दिक अर्थ हो । कुनै दुई तत्त्वका बीचमा रहेको सादृश्यलाई प्राथमिकताका साथ उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु

यसको उपलब्धि हो । उपमानमा दुई पदार्थका बीचको सादृश्यलाई प्राथमिकता दिइने हुँदा उपमेय र उपमानमा समानता हुनु आवश्यक मानिन्छ तर यी दुई भिन्ना भिन्नै पदार्थहरू कहिल्यै पूर्णतः समान सादृश्यका नहुने हुँदा अल्पसाम्य भए पनि दुवैका बीचमा आकर्षक, चमत्कारपूर्ण सादृश्य चाहिँ हुनै पर्दछ र वाच्यकै माध्यमबाट एउटै वाक्यमा साम्य कथन गरिनुपर्दछ । उपमा सादृश्यमूलक वर्गको अलङ्कार हो । यसको प्रयोग *ऋग्वेद*देखि नै हुँदै आएको पाइए पनि यसको स्वरूपका बारेमा चर्चा गर्ने प्रथम व्यक्ति भने आचार्य भरतमुनि नै हुन् । भरतले आफ्नो *नाट्यशास्त्र*मा गुण र आकृतिका आधारमा दुई पदार्थ बीचको सादृश्य कथनलाई उपमा मानेका छन् । उनले एकको अनेकसँग, अनेकको एकसँग, एकको एकसँग र अनेकको अनेकसँग गरी चार अवस्थामा उपमा रहने उल्लेख गरेका छन् । अलङ्कारवादी आचार्य भामहले उपमान र उपमेय देशकाल, क्रिया आदिका आाधारमा सर्वथा भिन्ना भिन्नै हुँदा हुँदै पनि कदाचित् गुणलेश मात्रले दुवैमा समानता भएमा उपमा अलङ्कार हुन्छ भनेका छन् (२०३८, पृ.११) । मम्मटले उपमान र उपमेयमा भेद हुँदाहुँदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (१९८०, पृ. ४६६) । आफूपूर्वका अलङ्कार सम्बन्धी चिन्तनलाई समेटेर आचार्य विश्वनाथले वैधर्म्यरहित उपमान र उपमेयका बीचको सादृश्यलाई वाच्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु नै उपमा हो भनेका छन् (२०५३, पृ.२९२) । यी माथि  व्यक्त गरिएका विचारहरूलाई हेर्दा उपमान र उपमेयका बीच रूप, गुण, क्रिया अथवा प्रभाव आदि कुनै पनि धर्मको समानताबाट एउटै वाक्यमा वाक्यात्मक ढङ्गले सौन्दर्य प्रकाशन भएमा उपमा अलङ्कार हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । उपमा अलङ्कारका उपमान, उपमेय, साधारण धर्म र वाचक शब्द गरी चार अङ्ग रहेका हुन्छन् । यिनमा वर्णन गरिने वा उपमा गर्न योग्य वस्तुलाई उपमेय भनिन्छ । उपमेयको पर्यायवाची शब्दका रूपमा विषय, प्रस्तुत, वर्ण्य, प्रकृत, प्राकृतिक, प्रासङ्गिक आदि शब्दको प्रयोग गरिन्छ । उपमानका अपेक्षा उपमेयको क्षेत्र सीमित हुन्छ । उपमान चाहिँ उपमेय वस्तुसँग तुलना गरिने वा वर्ण्य विषयको उपमाको रूपमा उभ्याइने अवर्ण्य विषय हो । यसको पर्यायवाची शब्दका रूपमा विषयी, अप्रस्तुत, अप्रकृत, अप्रासाङ्गिक, अप्राकरणिक आदि शब्द प्रचलित छन् । उपमानको क्षेत्र भने उपमेयको जस्तो सीमित नभई व्यापक हुन्छ । साधारण धर्म भनेको उपमेय र उपमानका बीचमा सादृश्य स्थापना गर्न सक्ने वस्तु हो, जुन दुवै पदार्थमा समान किसिमले रहेको हुन्छ । उपमान र उपमेयका बीच पाइने एकै किसिमको गुणलाई नै साधारण धर्म भन्न सकिन्छ । कुनै कुराको प्रशंसा गर्दा, निन्दा गर्दा, यथास्थितिको वर्णन गर्दा प्रस्तुत र अप्रस्तुतमा पाइने सौन्दर्य, मिठास, स्थिरता, दृढता, मालिन्य, चञ्चलता जस्ता भाव नै साधारण धर्म हुन् । उपमान र उपमेयका बीचको सादृश्य बुझाउनका लागि प्रयोग गरिने शब्दलाई वाचक शब्द भनिन्छ । वाचक शब्दलाई सादृश्यवाचक शब्द वा उपमावाचक शब्द पनि भनिन्छ । यस्ता वाचक शब्दका रूपमा झैँ, जस्तै, तुल्य, सरि, समान, सदृश, यथा, सम जस्ता शब्दका साथै वत् प्रत्ययको पनि प्रयोग गरिन्छ । उपमा अलङ्कारका यति नै भेद हुन्छन् भन्ने निश्चित किटान गर्न गाह्रो छ । भामहले पाँच, दण्डीले बीस, रुद्रटले तीन, मम्मटले पच्चीस, विश्वनाथले सत्ताइस, जगन्नाथले सवासय भन्दा बढी भेद उपभेदको चर्चा गरेका छन् (निरौला, २०६३, पृ.६४) । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा उपमा अलङ्कारको प्रयोग गरिएको छ । प्रस्तुत कविताका निम्नलिखित पङ्क्तिहरूमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ :

हाम्रा कारीगरी छन् नवनव रँगमा मुस्कुराए समान

सङ्लो साहित्य हाम्रो वन पथ छहरा कन्दराको छ गान । २ ।

प्रस्तुत पद्यांशमा हाम्रो देश नेपालका कलाकारहरूलाई कुशल कालिगढका रूपमा चिनाउँदै नवनव रङ्गमा कला मुस्कुराए जस्तै मुस्कुराइरहेका हाम्रा कालिगढ छन् भनेर कालिगढलाई कलाको उपमान दिइएको छ । यहाँ कालिगढ उपमेय, मुस्कुराउनु साधारण धर्म र उपमान र उपमेयका बीच रहने साधारण धर्मवाचक शब्दका रूपमा समान शब्द आएको छ भने यहाँ उपमानका रूपमा रहेको कलाको उल्लेख गरिएको छैन ।

उपमा अलङ्कारका चार उपकरण मध्ये कुनै एउटा उपकरण नहुँदा लुप्तोपमा हुन्छ । तसर्थ यहाँ पनि कलालाई प्रस्तुत नगरिएको हुनाले लुप्तोपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यसप्रकार लुप्तोपमा अलङ्कारको प्रयोगले नेपाली कालिगढहरूको सुन्दर कला, उनीहरूले कलाका माध्यमबाट सृजना गर्ने आकर्षण र ती कलाले जनजीवनमा पार्ने सकारात्मक असर आदिलाई सङ्केत गरिएको छ ।

### ग. काव्यलिङ्ग अलङ्कार

कविको कल्पना काव्य हो भने काव्यमा हेतुको विधान लिङ्ग हो । कुनै वाक्य वा पदको वर्णनीय विषयको हेतुका रूपमा प्रस्तुत गर्दा काव्यमा चमत्कार पैदा हुन्छ भने त्यो चमत्कार उत्पन्न गराउने माध्यम नै काव्यलिङ्ग अलङ्कार हो । कुनै पनि भनाइको अर्थ स्पष्ट पार्नका लागि कारणको प्रयोग गरिन्छ । यसरी कारणको प्रयोग गर्दा चमत्कार उत्पन्न हुनु नै काव्यलिङ्ग अलङ्कारको मुख्य विशेषता हो । उद्भटले एउटा वस्तुको श्रवणपछि अर्को वस्तुको श्रवण वा अनुभव हुने प्रक्रिया नै काव्यलिङ्ग हो भनेका छन् । मम्मटले वाक्यार्थ वा पदार्थका रूपमा कारणको कथनलाई काव्यलिङ्ग मानेका छन् (१९८०, पृ.४४८) । अप्यय दीक्षितले समर्थनीय विषयको समर्थनमा काव्यलिङ्ग अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (१९९५, पृ.१९५) । यसर्थ वर्णनीय विषयको हेतुको रूपमा चमत्कार प्रदान गर्नु नै काव्यलिङ्ग अलङ्कार हो भन्न सकिन्छ । कवि घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको पाइन्छ । प्रस्तुत कविताका निम्नलिखित पङ्क्तिहरूमा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको देखिन्छ :

हाम्रो आत्मा उज्यालो हृदय छ रसिलो बुद्धको ज्ञान पाई
छन् लाखौं प्राण एकै लयतिर भगवान् रामको नाम गाई । २ ।
छौँ हामी आज जो जो वरपर छरिँदा देशका दाजु भाइ
एकै कर्तव्य हाम्रो विपुल चहकिलो पार्नु नेपाललाई
नेपाली एक झण्डामनितिर गनिँदा आज एकै करोड
भोली नौलाख तारा तलतिर हरियो भूमिमा नौ करोड । ३ ।
नेपालीका हजारौं समर विजयको वीरताको निशान
यै झण्डालाइ देख्ता त्रिभुवनभरका वीर छन् थर्कमान
हामी छौँ होसियारी चरण समयको चालमा चल्मलाई
बाँचौला वीर हामी युगयुगतक नै यै ध्वजा फर्फराई । ८ ।

प्रस्तुत पद्यांशहरूमा नेपालीहरूको कर्तव्य, ज्ञान तथा वीरताको चिनारीका लागि विभिन्न कारणहरूको उल्लेख गरिएकाले काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको पाइन्छ । बुद्धको ज्ञान पाएका कारण हाम्रो आत्मा उज्यालो र हृदय रसिलो भएको छ । रामको नाम गाउनुको कारण नेपालीका लाखौँ प्राण भएर पनि सबैको लय एकै छ । हामी आज जहाँ जहाँ छरिएर रहे पनि हामी सबैको कर्तव्य भनेको नेपाललाई चहकिलो पार्नु रहेको छ । हामी आज एकै झण्डामुनि आबद्ध भएका छौँ, भोलि संसारभर छरिँदा हामी नौ करोड हुनेछौँ भनेर हामी नेपालीहरूमा रहेको अनेकतामा एकताको भावलाई समर्थन गरिएकाले यी अभिव्यक्तिहरूमा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको पाइन्छ । संसार थर्कमान हुनुको कारण हाम्रो झण्डा देख्नु हो । झण्डा हाम्रो वीरताको निसानी हो । हामी होसियार भएर यही झण्डा फर्फराउँदै युगौं युगसम्म बाँचिरहौंला भनेर नेपालीहरूले गर्ने अनेक साहसिक कार्य तथा युगौंयुगसम्म हाम्रो अस्तित्व रहिरहने कुराको मूल कारणका रूपमा हाम्रो झण्डालाई उल्लेख गरिएकाले काव्यलिङ्ग अलङ्कार पर्न गएको हो । काव्यलिङ्ग अलङ्कारको यस किसिमको प्रयोगले हामी नेपालीहरू वीर हुनुका कारणहरू, हाम्रो अस्तित्वलाई संसारले स्वीकार गरेर थर्कमान बन्ने कारणहरू तथा हाम्रो आस्था र विश्वासको धरोहरका रूपमा राष्ट्रिय झण्डा रहने कारणहरूको उल्लेखले

हाम्रो वीरता, कर्तव्य, साहस आदिलाई उत्कर्षता प्रदान गरेको छ । तसर्थ काव्यलिङ्ग अलङ्कारको प्रयोग अर्थपूर्ण र सार्थक बनेको देखिन्छ ।

**घ. अननुगुण अलङ्कार**

कुनै वस्तुमा रहेको आफ्नै गुणको वृद्धि हुनु अननुगुण हो । अन्य कुनै वस्तुको सम्पर्क वा प्रभावले आफूमा रहेको गुणको वृद्धि हुनु नै अननुगुण अलङ्कार हो । कुनै एक पदार्थ अन्य पदार्थको सामीप्यका कारण अझ बढी गुणवान् भएका कुराको वर्णन यस अलङ्कारमा हुन्छ । अर्काको सामीप्यका कारण आफूमा पहिलादेखि नै विद्यमान गुणको वृद्धि हुनु नै अननुगुण अलङ्कारको विशेषता हो । सर्वप्रथम यस अलङ्कारका बारेमा चर्चा गर्ने व्यक्ति आचार्य जयदेव हुन् । उनले अर्को पदार्थको सान्निध्यका कारण आफ्नो पूर्वसिद्ध गुणको उत्कर्ष हुनुलाई अननुगुण अलङ्कार हो भनेका छन् (१९९५, पृ.१७०) । अप्पय दीक्षितले पनि जयदेवकै परिभाषालाई स्वीकार गरेका छन् भने अन्य आचार्यहरूले यस अलङ्कारका बारेमा चर्चा गरेका छैनन् । कवि माधव घिमिरेको ‘राष्ट्रिय झण्डा’ कविताका निम्नलिखित पद्यांशहरूमा अननुगुण अलङ्कारको प्रयोग भएको पाइन्छ :

नेपालीलाइ डाक्ला विपुल धरहराबाट कुर्ली कमाल
प्यारीले बाँधिदेलिन्  झटपट खुकुरी लाइ रातो रुमाल
रातो झण्डा उठाई फरहर अगुवा वीर गर्लान् कमान
बाजाले ताल देलान् चल चल चल रे देशका नौजवान । ४ ।
हाम्रा घोडा दगुर्लान् कट कट चटका टापले टक्टकाई
हाम्रा जोडा दगुर्लान् चमचम खुकुरी हातले चम्चमाई
निस्कौंला वीर हामी जब रिपुदलको देशमा बोल्न धावा
चिर्ला हाम्रो ध्वजाले सननन नभमा सन्सनाएर हावा । ५ ।

प्रस्तुत पद्यांशहरूमा नेपाली जातिमा सदियौंदेखि रहेको वीरता विभिन्न वस्तुहरूका क्रियाकलापको सामीप्य पाएर अझै उत्कर्षमा पुगेको हुनाले अननुगुण अलङ्कार पर्न गएको देखिन्छ । जब नेपालीलाई धरहराले विगुल फुकेर बोलाउँछ, युद्धका लागि तयार भएको अवस्थामा जब युवतीले खुकुरीमा रातो रुमाल बाँधिदिन्छन्, युद्ध मोर्चामा जब अगुवा सिपाहीले रातो झण्डा उठाएर अघि बढ्न आदेश गर्छन् तब नेपालीहरूमा रहेको वीरता अझै उत्कर्षमा पुग्छ । शत्रुका देशमा धावा बोल्नका लागि जब हाम्रा घोडा टकटक गर्दै दगुर्लान्, हाम्रो ध्वजाले हावालाई चिर्दै शत्रुको किल्लामा जब प्रवेश गर्ला त्यतिखेर हामीमा भएको उत्साह, साहस, वीरता र उमङ्ग अझ बढेर जान्छ । हामी सम्पूर्ण आलस्य फालेर जब शत्रुका विरुद्ध धावा बोलौंला तब हामीभित्रको उत्साह अझै जागृत भएर शत्रुका विरुद्ध आक्रामक हुन सक्छौं भन्ने भनाइमा नेपालीहरूको वीरताले अझै उत्कर्षता प्राप्त गरेको देखिन्छ । तसर्थ यस किसिमको वर्णनमा अननुगुण अलङ्कार पर्न गएको पाइन्छ । अननुगुण अलङ्कारको यस किसिमको प्रयोगले नेपालीहरू अझै उत्साहित, अझै साहसी हुँदै शत्रुहरूमाथि जाइलाग्न सक्ने र महान् वीरतालाई प्रस्तुत गर्न सक्ने सामर्थ्यवान् व्यक्तिका रूपमा विकसित भएका छन् भन्ने कविको कथ्य अर्थलाई पुष्टि गरेको छ ।

**ङ. परिकराङ्कुर अलङ्कार**

जहाँ विशेष्यको प्रयोग साभिप्राय गरिन्छ त्यहाँ परिकराङ्कुर अलङ्कार हुन्छ । परिकर अलङ्कारकै विपरीत सन्दर्भमा परिकराङ्कुर अलङ्कारको प्रयोग भएको देखिन्छ । परिकरमा अङ्कुर शब्द जोडिएर बनेको यस शब्दको शाब्दिक अर्थ परिकरहरूकै फैलावट भन्ने बुझिन्छ । यसमा सार्थक एवम् अभिप्रायपूर्ण

विशेष्यहरूको प्रयोग गरिन्छ । यसरी प्रयुक्त विशेष्यभित्र विशेष आशय अन्तर्निहित रहेको हुन्छ । यस अलङ्कारका सम्बन्धमा सर्वप्रथम आचार्य जयदेवले चर्चा गरेका छन् । उनले अभिप्राययुक्त विशेष्यहरूको वर्णनमा परिकराङ्कुर अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (१९९५, पृ.१०७) । अप्पय दीक्षितले पनि जयदेवकै परिभाषालाई स्वीकार गरेका छन् । अन्य आचार्यहरूले यस अलङ्कारका सम्बन्धमा कुनै चर्चा गरेका छैनन् । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कविताका निम्नलिखित पङ्क्तिहरूमा परिकराङ्कुर अलङ्कारको प्रयोग भएको पाइन्छ :

हामी सोझा असत्का छलकपट सबै दल्न दुत्कार गर्ने
हामी जवालामुखी हौँ विकट हिमचुलीबाट फुत्कार गर्ने
काली काली जगाई रण रण रिपुको मुण्डमाला लगाई
नाच्छौँ नाच्छौँ घुमाई फनफन खुकुरी खेल हाम्रो लडाईं । ६ ।

प्रस्तुत पद्यांशमा हामी नेपालीहरू के कस्ता कार्यमा कसरी सक्रिय भएर अगाडि बढ्छौँ भन्ने सन्दर्भमा विशेष्य स्वरूप हामी शब्दको प्रयोग अर्थपूर्ण बनेको देखिन्छ । हामी सोझा छौँ तर असत्यको पक्षमा लाग्ने र छलकपट गर्ने सबैलाई दुत्कार गर्छौं, हामी शत्रु र असत्यको बाटो अँगाल्नेहरूका लागि ज्वालामुखी हौँ, जो हिमचुलीमाथिबाट दुष्टका विरुद्ध फुत्कार गर्छौं, कालीलाई जगाएर रिपुहरूको मुण्डमाला लगाई हामी फनफनी खुकुरी घुमाएर युद्धमा नाच्छौँ भनेर युद्धका क्रममा असत्यमाथि जाइलाग्ने नेपालीहरूको उत्साह, सक्रियता, वीरता, शूरता आदिलाई प्रस्तुत गर्नका लागि हामी विशेष्यको साभिप्रााय प्रयोग गरिएको र यस विशेष्यको प्रयोगबाट सम्पूर्ण नेपालीहरूले देखाएको युद्ध कौशल र बहादुरीको वर्णन अर्थपूर्ण रूपमा गरिएकाले परिकराङ्कुर अलङ्कारको प्रयोग सार्थक बनेको देखिन्छ ।

**च. विशेषोक्ति अलङ्कार**

कारणको उपस्थितिमा पनि कार्यको अभाव देखिनु विशेषोक्ति अलङ्कारको लक्षण हो । असाधारण उक्ति वा विशेष किसिमको भनाइलाई विशेषोक्ति भनिन्छ । यस अलङ्कारमा कारणहरू पर्याप्त भएर पनि कार्यको उत्पत्ति हुँदैन । कारण भए पनि कार्यको उत्पत्ति भएको नदेखाउनु नै विशेषोक्ति अलङ्कारको मूल लक्षण हो । आचार्य मम्मटले अखण्ड कारणहरू रहँदा रहँदै पनि कार्यको अभाव देखिनुलाई विशेषोक्ति मानेका छन् (१९८०, पृ.५३३) । जगन्नाथले प्रसिद्ध कारणहरूको उपस्थितिमा पनि कार्यको उपस्थिति नभई चमत्कारपूर्ण वर्णन हुनु नै विशेषोक्ति अलङ्कार हो भन्ने कुरा उल्लेख गरेका छन् (२०३७, पृ. ४३७) । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा पनि विशेषोक्ति अलङ्कारको प्रयोग प्रयोग भएको पाइन्छ । प्रस्तुत कविताका निम्नलिखित पद्यांशहरूमा विशेषोक्ति अलङ्कारको प्रयोग गरिएको देखिन्छ :

छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न
गर्दी घम्सान पर्दा पछितिर मुहुडा हेर हाम्रो मुडिन्न
नेपाली वीर, तातो रगत छ कहिल्यै शक्ति गल्दैन हाम्रो
आफ्नै सत्मा उठेको ध्वजपट कहिल्यै हेर ढल्दैन हाम्रो । ७ ।

प्रस्तुत पद्यांशहरूमा युद्धका क्रममा नेपाली वीरहरूले देखाउने युद्धकौशलमा कारण भएर पनि कार्य नभएको देखाइएकाले विशेषोक्ति अलङ्कार पर्न गएको छ । शत्रुलाई छपछप छप्क्याउँदा पनि खुकुरीको धार नकुँडिनु, युद्धको क्रममा शत्रुसँग आमनेसामने भएर घाइते हुँदा पनि मुहुडा पछितिर नमोडिनु, घमासान युद्ध हुँदा पनि कहिल्यै शक्ति नगल्नु र शत्रुले ढाल्न खोज्दा पनि झण्डा नढल्नुमा कारण भएर पनि कार्य भएको छैन । त्यसैले यहाँ विशेषोक्ति अलङ्कार पर्न गएको देखिन्छ । छपछप शत्रुलाई छप्क्याउने कारण भएर पनि

खुकुरी कुँडिने कार्य भएको छैन । युद्धका क्रममा घाइते हुनु कारण भएर पनि भाग्ने कार्य भएको छैन । युद्ध गर्दा गर्दै शक्ति गल्ने कारण भएर पनि शक्ति गल्ने कार्य भएको छैन । शत्रुले अनेक प्रयत्न गरी झण्डा ढाल्न गरेको प्रयत्न कारण हुँदा हुँदै पनि झण्डा ढल्ने कार्य भएको छैन । तसर्थ यहाँ विशेषोक्ति अलङ्कार प्रयोग भएको देखिन्छ । विशेषोक्ति अलङ्कारको यस किसिमको प्रयोगले नेपाली खुकुरीको प्रशंसा, नेपालीहरू कहिल्यै पनि हार खाएर नभाग्ने प्रवृत्तिको चित्रण, नेपालीहरू युद्धका क्रममा कहिल्यै नथाकी लडिरहने प्रवृत्ति र नेपाली झण्डालाई कसैले पनि ढाल्न नसक्ने कुराको वर्णनले नेपालीहरू कहिल्यै पनि कुनै दुष्टका सामु नझुक्ने गरेको ऐतिहासिक सत्यको उद्‌घाटन पनि गरिएको छ ।

**छ. अतिशयोक्ति अलङ्कार**

अतिशयोक्ति उपमान र उपमेयका बीचको साधर्म्यका वर्णनमा केन्द्रित रहेकाले यसलाई साधर्म्यमूलक अलङ्कार मानिन्छ । बढाइचढाइ गरेर भन्नु, लोकसीमाको उल्लङ्घन गर्नु वा विषयीद्वारा विषयको निगरण गर्नुलाई अतिशयोक्ति भनिन्छ । आचार्य मम्मटले उपमानद्वारा उपमेयलाई पूर्णरूपमा निगरण गरी उसैसँग अभेद सम्बन्ध राख्नु, प्रस्तुतलाई भिन्नै तरिकाले भन्नु, असम्भव अर्थको पकिल्पना गर्नु एवम् कार्य र कारणको अघिपछि वर्णन गर्नुलाई अतिशयोक्ति अलङ्कार मानेका छन् (ई. १९८०, पृ. ५०४) । अतिशयोक्ति अलङ्कार पनि अक्रमातिशयोक्ति, अत्यन्तातिशयोक्ति, चपलातिशयोक्ति, सम्बन्धातिशयोक्ति, भेदकातिशयोक्ति र रूपकातिशयोक्ति गरी छ प्रकारका रहेका छन् भन्ने कुरा अप्पय दीक्षितले उल्लेख गरेका छन् (ई. १९९५, पृ. ५३) । अप्पय दीक्षितले यस अलङ्कारलाई सादृश्यमूलक वर्गको अध्यवसायमूलक अभेदप्रधान वर्गमा पनि राखेका छन् भने विरोधगर्भमूलक अलङ्कारमा पनि राखेका छन् (१९९५, पृ. ६८) । यस अलङ्कारलाई विरोधगर्भमूलक अलङ्कारमा राख्नुभन्दा सादृश्यमूलक वर्गमा राख्नु नै उपयुक्त देखिन्छ । कवि घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ । प्रस्तुत कविताका निम्नलिखित पङ्क्तिहरूमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ :

> उक्लौंला मृत्युलाई जब रणशिरमा कुल्चिई दिव्यधाम
> होला नेपाल उस्तै तब पनि गिरिमा झुल्किनन् जूनघाम
> हाम्रा सन्तान बढ्लान् नवनव युगमा वीरका गीत गाई
> हामीलाई पुकार्ला तब पनि नभमा यै ध्वजा फर्फराई । ९ ।

प्रस्तुत पद्यांशहरूमा युद्धभूमिमा वीरगति प्राप्त गरिसकेपछि नेपालीहरूले गर्ने क्रियाकलापको वर्णन गरिएकाले अतिशयोक्ति अलङ्कार पर्न गएको छ । रणको शिरमा मृत्युलाई कुल्चिई जब दिव्यधाम उक्लौंला त्यतिखेर हिमालमा घामजुन नझुल्किए पनि नेपाल उस्तै होला, हाम्रा सन्तानहरू नवनव युगका वीरताका गीत गाउँदै अघि बढ्लान् तब आकाशले हामीलाई यही झण्डा फर्फराएर पुकार्ला भन्ने अभिव्यक्तिमा अतिशयोक्ति देखिन्छ । आकाशमा चन्द्र सूर्य नउदाए पनि नेपाल उस्तै रहला र हामीलाई मृत्युपछि पनि यही झण्डाले पुकार्ला भन्ने अभिव्यक्तिले लोकसीमाको उल्लङ्घन गरेको छ । मृत्युपछि पनि नेपालीहरूका वीरताको कदर गर्दै असत्का पक्षमा लड्न सम्पूर्ण वीरगति प्राप्त गरिसकेका नेपालीहरूलाई आकाशले झण्डा फर्फराउँदै पुकारा गर्नुले नेपालीहरूको वीरताको इतिहास कहिल्यै समाप्त हुँदैन, हाम्रा पुर्खाहरूले अजर अमर इतिहास बनाएर गएका छन्, यस संसारमा चन्द्रसूर्यको अस्तित्व नरहे पनि नेपालीहरूको वीरताको इतिहास जीवित रहने कुराको वर्णन अतिशयोक्तिपूर्ण रूपमा गरिएको छ । तसर्थ अतिशयोक्ति अलङ्कारको यस किसिमको प्रयोग वीर नेपालीहरूको वीरताको इतिहास संसारभर प्रसिद्ध छ यो इतिहास चन्द्रसूर्य नउदाए पनि रहिरहने छ भन्ने कुरा अभिव्यक्त गर्न सफल भएको छ ।

**ज. पर्याय अलङ्कार**

पर्याय भनेको क्रमिकता हो । यसमा एउटा वस्तुलाई अनेक स्थानहरूमा अथवा अनेक वस्तुहरूलाई एक स्थानमा क्रमशः वर्णन गरिन्छ । कुनै एक पदार्थको अनेक पदार्थसँग क्रमिक रूपले सम्बन्धको वर्णन गरिन्छ भने त्यहाँ पर्याय अलङ्कार हुन्छ । सर्वप्रथम आचार्य रुद्रटले यस अलङ्कारका बारेमा चर्चा गर्दै सुखदुःखादि रूप एक वस्तुलाई क्रमशः अनेक किसिमले वर्णन गरिनुलाई पर्याय अलङ्कार मानेका छन् (१९८९, पृ.२१०) । आचार्य मम्मटले एउटा वस्तु क्रमशः अनेक आधारमा रहनु अथवा अनेक वस्तुहरू एउटै आधारमा क्रमवद्ध ढङ्गमा रहनुलाई पर्याय अलङ्कार भनिन्छ भन्ने कुरा उल्लेख गरेका छन् (१९८०, पृ.४५३) । यसरी मूलतः कविकल्पनाका आधारमा एउटाको अनेक अथवा अनेकको एकमा क्रमिक अवस्थितिबारे चर्चा गरिनुलाई नै पर्याय अलङ्कार हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । आचार्य जयदेवले कुनै एक पदार्थको अनेक पदार्थका साथ क्रमिक रूपले सम्बन्ध हुनुलाई पर्याय अलङ्कार मानेका छन् (१९९५, पृ.१५७) । कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' कवितामा पर्याय अलङ्कारको प्रयोग गरिएको पाइन्छ । यस कविताका निम्नलिखित पद्यांशहरूमा पर्याय अलङ्कार पर्न गएको छ :

यै झण्डा घाम झुल्का हिमगिरि शिरको विश्वको नैनतारा
पुर्खाको रक्तधारा सिउर विजयको वीरताको सितारा
नेपाली मात्रलाई चल चल चलको नित्य नौलो इशारा
छायामा बस्नलाई हिलमिल जगतैलाई प्यारो पुकारा । १० ।

प्रस्तुत पद्यांशमा एउटै झण्डाको विभिन्न वस्तुसँग सम्बन्ध रहेको देखाइएकाले पर्याय अलङ्कार पर्न गएको देखिन्छ । यो झण्डा घामको झुल्का हो, हिमगिरिको शिर हो, विश्वको नैनतारा हो, वीरताको सितारा हो, शीतल छायामा बस्नलाई हिलमिल घामछाया हो र जगतैलाई प्यारको पुकारा गर्ने साधन हो भनी एक वस्तुको अनेक वस्तुका साथ सम्बन्ध रहेको देखाइएकाले पर्याय अलङ्कार पर्न गएको हो । पर्याय अलङ्कारको यस किसिमको प्रयोगले हाम्रो राष्ट्रिय झण्डाले बोकेका विशेषताहरूलाई चिनाउने काम गरिएको छ । हाम्रो आस्थाको धरोहर, हामी सबै नेपालीहरूलाई एउटै छत्रछायामा रहन सधैं प्रेरित गर्ने यो राष्ट्रिय झण्डाको अति उच्च महत्त्व र गरिमा छ भन्ने कुरा पर्याय अलङ्कारको यस किसिमको प्रयोगले परिपुष्ट गरेको देखिन्छ ।

**९. निष्कर्ष**

कवि माधव घिमिरेको 'राष्ट्रिय झण्डा' नेपालीहरूको आस्था र विश्वासको धरोहरका रूपमा रहेको नेपाली चन्द्रतारा अङ्कित झण्डाको महिमा गान गाइएको देशभक्तिपूर्ण कविता हो । यस कवितामा राष्ट्रिय झण्डाकै कारण हामी विश्वभर वीर नेपाली भनेर चिनिन पाएका छौँ, यही झण्डाले गर्दा हाम्रो छाती निर्धक्क भएर फुलेको हुन्छ, यही झण्डाले हिमालको चुचुरोमा सधैं फर्फराएर हाम्रो आदर्शलाई उच्च बनाइ राखेको छ भन्ने कुरालाई माथि प्रस्तुत गरिएका विभिन्न अलङ्कारहरूले अलङ्कृत गरी प्रस्तुत गरेका छन् । नेपालीहरूमा भएको वीरतालाई यस झण्डाले अझै उत्साहित गरेको छ, सम्पूर्ण शत्रुका सामु नडग्मगाइकन अघि बढ्न प्रेरित गर्ने यो झण्डा लिएर युद्धमा सरिक हुँदा हामीले कहिल्यै पनि पछाडि फर्कनु परेको थिएन । त्यसैले यो झण्डा हाम्रो वीरतालाई उजिल्याउने, हामीलाई उत्साहित गर्ने, नेपालीहरूलाई एकताको सूत्रमा गाँस्ने एक मूलमन्त्र हो । हामी रहे पनि नरहे पनि यस झण्डाको अस्तित्व संसारमा सधैं रहिरहने छ भन्ने कुराको अभिव्यक्ति यस कवितामा गरिएको छ । यस कवितामा प्रयुक्त भएका अलङ्कारहरू मध्ये विशेषोक्ति अलङ्कारले कविको कथ्य अर्थलाई उत्कर्षता प्रदान गरेको छ । शत्रुका सामु हामीले देखाएको वीरता र

उत्साहको अभिव्यक्तिका लागि अन्य अलङ्कारहरूको पनि सशक्त भूमिका रहेको देखिन्छ । यति भएर पनि विशेषोक्ति अलङ्कारको प्रयोगले 'राष्ट्रिय झण्डा' कवितामा प्रयुक्त वीरतालाई प्रकट गर्न विशेष भूमिका खेलेको पाइन्छ ।

## सन्दर्भ सामग्री

अज्ञात, कपिल (२०६१), "राष्ट्रकविको सन्दर्भ र राष्ट्रवादी स्वर" *वागीश्वरी,* राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क, (वर्ष १६, अङ्क १२), पृ.१०५-१०९ ।

आनन्दवर्धन (१९४०), *ध्वन्यालोक* (लोचन टीका : जयकृष्णदास हरिदास गुप्त), वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

घिमिरे, माधव (२०६०), *चैतवैशाख,* ललितपुर : साझा प्रकाशन ।

जगन्नाथ (२०३७), *रसगङ्गाधर,* वाराणसी : अनुसन्धान संस्थान, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

जयवेद (१९९५), *चन्द्रालोक,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३२), *सिंहावलोकन,* (द्वि.संस्क.), काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी केशव (२०५३), (सम्पा.), *नेपाली कविता भाग ४,* (द्वितीय संस्क.), ललितपुर : साझा प्रकाशन ।

दण्डी (२०६१), *काव्यादर्श,* (सम्पा.) जमुना पाठक, वाराणसी : चौखम्बा कृष्णदास अकादमी

दीक्षित, अप्पय (१९९५), *कुवलयानन्द,* (चतुर्थ संस्क.), वाराणसी : चौखम्बा विद्याभवन ।

निरौला, लेखप्रसाद (२०६३), "माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार योजना", (विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

पोखरेल, भानुभक्त (२०३९/४०), "महाकवि देवकोटा र कवि माधव घिमिरे एक तुलनात्मक चर्चा", *वाङ्मय,* वर्ष ३, पूर्णाङ्क ३, पृ.२२-३० ।

भामह (२०३८), *काव्यालङ्कार,* (द्वि. संस्क.), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

मम्मट (१९८०), *काव्यप्रकाश,* वाराणसी : मोतीलाल बनारसीदास ।

रद्रट (१९८९), *काव्यालङ्कार,* वाराणसी : चौखम्बा विद्याभवन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वामन (२०४७), *काव्यालङ्कारसूत्राणी,* (सम्पा. वेचन झा), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

विश्वनाथ (२०५३), *साहित्यदर्पणम्,* (षष्ठम संस्क.), वाराणसी : कृष्णदास अकादमी ।